नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा नेपाल

सिरहा जिल्ला स्थित कार्यालय प्रमुख एवं सुशासन ईकांई प्रमुखहरुको संयुक्त बैठक ;

COVID-19 संक्रमण एवं २०७७।०४।३२ देखि ०७७ भाद्र १५गते राति सम्म निषेध जारी भएको अवस्थाले गर्दा ,

जिल्ला प्रशासन कार्यालय- सिरहाको आयोजनामा आज मिति २०७७।०५।०५ गते शुक्रवारका दिन दिनको ३:०० बजे जुम भर्चअल आयोजना गरियो ।

Meeting Id : **530 477 3907**
Passcode : **4KFtvM**
सहभागी संख्या :
प्रदेश सरकार प्रदेश नं. २, का आर्थिक मामिला तथा योजना मन्त्रालयका माननीय मन्त्री श्री बिजय कुमार यादव समेतको कुल सहभागी संख्या ३८ रहेको ।

<u>बैठकको कारवाही एवं निर्णय</u>

१. पूर्व निर्णयहरुको कार्यान्वयन स्थिति बारे समीक्षा गरियो ।

२. COVID-19 संक्रमणको जोखिम न्यून गर्न DCCMC का निर्णयहरु कार्यान्वयन गरी गराई स्थानीय तह सबै (१७) र विषयगत निकायले दैनिक प्रगति प्रतिवेदन गर्ने।जारी निषेधका शर्तलाई परिपालना गर्ने गराउने ।

३. आ.ब. २०७७/०७८ का लागि स्वीकृत जिल्ला ज्याला तथा ढुवानी दररेट अनुरुप पुंजिगत कार्यक्रम / योजनालाई आवद्ध गर्ने ।
बार्षिक कार्य योजना बनाउन बाँकी हुने कार्यालय / तहले तुरुन्त बनाई क्यालेण्डर प्रणाली बाट कार्यान्वयनमा गई प्रगति प्रतिवेदन गर्ने ।

४. सूचना अधिकारी अद्यावधिक गर्ने, सूचना अधिकारीलाई सूचना उपलव्ध गराउने, सूचना अधिकारीले सूचना प्रवाह गर्ने, वेब साईट अद्यावधिक गर्ने, लेखा परीक्षण गराई बार्षिक प्रतिवेदन सार्वजनिक गर्ने ।
जिल्ला प्रशासन कार्यालयको सूचना अधिकारीको संयोजनमा मासिक रुपमा सूचना अधिकारीहरुको बैठक बस्ने ।

५. हालको COVID-19 संक्रमण व्यवस्थापन गर्नु पर्ने अवस्थामा कार्य स्थलमा रहि व्यवस्थापकीय कार्यमा क्रियाशिल रहने ।

६. हरेक स्थानीय तहले टिम बनाई बजार अनुगमन गरी प्रतिवेदन गर्ने ।

७. आ.ब. ०७६/०७७ मा कोभिड-१९ को व्यवस्थापनमा भए गरेको खर्चको विवरण देहायको स्थानीयतहले तुरुन्त पठाउने ;
   - ❖ गोलबजार न.पा., कर्जन्हा न.पा., धनगढीमाई न.पा., लहान न.पा., बिष्णुपुर गा.पा., अर्नामा गा.पा., बरियारपट्टी गा.पा. र नरहा गा.पा. ।

८. जेष्ठ नागरिक भत्ता लगायतका सामाजिक सुरक्षा भत्ता सम्वन्धी नविकरण गर्दा समेत नागरिकताको जन्म मिति वा उमेर सच्चयाई फोटोकपी पेश गर्न सक्ने प्रवृतिलाई सम्वन्धित सबै स्थानीय तहले निरुत्साहित गरी नियमन गर्ने ।

२०७७।५।५
प्र.जि.अ.
प्रमुख जिल्ला अधिकारी